# सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९

लालमोहर र प्रकाशन मिति

२०४९।९।८

संशोधन गर्ने ऐन

१. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ २०५५।१०।७

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ २०६३।६।२८

**२०४९ सालको ऐन नं. ४३**

सरकारी मुद्दा सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : नेपाल सरकार वादी भई चलाईने मुद्दाको सम्वन्धमा र नेपाल सरकार विरुद्ध दायर हुने मुद्दाको प्रतिरक्षा गर्ने सम्वन्धमा समायानुकूल कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस ऐनको नाम "सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

*(क) "सरकारी वकील" भन्नाले महान्यायाधिवक्ता, नायवमहान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्लान्यायाधिवक्ता र सहायक जिल्लान्यायाधिवक्तालाई सम्झनु पर्छ र सो शब्दले महान्यायाधिवक्ताले सरकारी वकिल भई काम गर्न तोकेको कुनै कर्मचारी समेतलाई जनाउँछ।

(ख) "अदालत" भन्नाले न्यायाधीसको इजलास सम्झनु पर्छ र सो शब्दले कुनै मुद्दाको सम्वन्धमा न्यायिक काम गर्न प्रचलित कानून अन्तर्गत अधिकार प्राप्त अधिकारीलाई समेत जनाउनेछ।

(ग) "सरकारी वकील कार्यालय" भन्नाले महान्यायाधिवक्ताको कार्यालय तथा सो मातहतका पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालय सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

* केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ द्वारा संशोधित।

३. **अपराधको सूचना** : (१) अनुसूची १ मा लेखिएको कुनै अपराध भएको वा भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्ति ले तत्सम्वन्धी अपराध बारे आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबूद प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लिखित दरखास्त दिने व्यक्तिले दरखास्तमा सकेसम्म देहायका कुराहरु खुलाउनु पर्नेछ :

(क) अपराध भएको वा भइरहेको वा हुने संभावना भएको मिति, समय र ठाउँ।

(ख) अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलिया।

(ग) अपराधसँग सम्वन्धित सबूत प्रमाण।

(घ) अपराधको प्रकृति र अपराधसँग सम्वन्धित अन्य विवरण।

(३) अपराधको सूचना गर्न आएको व्यक्तिले त्यस्तो सूचना मौखिक रुपमा दिएकोमा सम्वन्धित प्रहरी कर्मचारीले उसले भनेका सबै कुराहरु र उपदफा (२) बमोजिमका कुरा समेत खुलाई लेखी निजलाई पढी बाँची सुनाई निजको सहिछाप समेत गराई राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम वा प्रहरी कर्मचारीले अन्यत्र कतैबाट प्राप्त गरेको अपराधको सूचनालाई तोकिएका ढाँचाको दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सम्वन्धित प्रहरी कर्मचारीले अपराधको सूचना दर्ता गर्न इन्कार गरेमा अपराधको सूचना गर्ने व्यक्तिले सो कुरा खुलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा त्यसरी अपराधको सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो प्रहरी कार्यालयमा अपराधको सूचना दिन सक्नेछ। त्यसरी सूचना प्राप्त गर्ने प्रमुख जिल्ला अधिकारी वा प्रहरी कार्यालयका प्रहरी कर्मचारीले सो कुराको अभिलेख राखी आवश्यक निर्देशन सहित लिखितरुपमा त्यस्तो अपराधको सूचना आवश्यक कारवाहीको लागि सम्वन्धित प्रहरी कार्यालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त हुन आएको अपराधको सूचनालाई सम्वन्धित प्रहरी कार्यालयले उपदफा (४) बमोजिम दर्ता गर्नु पर्नेछ।

४. **प्रमाण लोप वा नाश हुन नदिने र अपराधी उम्कन नपाउने व्यवस्था गर्ने** : (१) कुनै प्रहरी कर्मचारीले अनुसुची १ मा उल्लेखित कुनै अपराध भएको वा भई रहेको वा हुन लागेको जानकारी पाएमा निजले यथाशिघ्र अपराधलाई रोक्ने, अपराधसँग सम्वन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिने र अपराधी भाग्न, उम्कन नपाउने व्यवस्था गर्नु पर्नेछ। तत्सम्वन्धमा तत्कालै कारवाही नगरेमा अपराध हुने वा अपराधसँग सम्वन्धित कुनै प्रमाण लोप वा नाश हुने वा अपराधी भाग्ने, उम्कने संभावना भएमा सो प्रहरी कर्मचारीले आवश्यकतानुसार अर्को प्रहरी कार्यालयको क्षेत्रमा समेत गई त्यस सम्वन्धमा आवश्यक कारवाही गर्न सक्नेछ।

तर सो बमोजिम अर्को प्रहरी कार्यालयको क्षेत्रमा गई कुनै कारवाही गरेकोमा त्यसको सूचना यथासंभव चाँडो सो प्रहरी कार्यालयलाई दिनु पर्नेछ।

(२) कुनै प्रहरी कर्मचारीले कुनै अपराधलाई रोक्न, अपराधसँग सम्वन्धित कुनै प्रमाण लोप वा नाश हुन नदिन वा अपराधीलाई पक्राउ गर्न कुनै व्यक्ति वा निकायसँग मद्दत माग्न सक्नेछ।

५. **अन्य प्रहरी कार्यालय क्षेत्रभित्रको अपराध भएमा सम्वन्धित कार्यालयलाई सूचना दिने** : कुनै प्रहरी कार्यालयमा अनुसुची १ मा उल्लेखित कुनै अपराधको सम्वन्धमा प्राप्त भएको सूचनाको व्यहोराबाट सो अपराध अन्य प्रहरी कार्यालयको क्षेत्रभित्र भएको वा भईरहेको वा हुन लागेको देखिएमा सूचना प्राप्त गर्ने प्रहरी कार्यालयले त्यस्तो सूचना यथाशीघ्र सम्वन्धित प्रहरी कार्यालयमा पठाई दिनु पर्नेछ र आवश्यकता अनुसार सूचना दिने व्यक्तिलाई पनि सो प्रहरी कार्यालयमा उपस्थित हुन जानकारी दिनु पर्नेछ।

६. **प्रारम्भिक प्रतिवेदन पठाउने** : (१) दफा ७ बमोजिम कुनै अपराधको तहकिकात शुरु गर्नु भन्दा पहिले तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरु खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा अपराध सम्वन्धी प्रारम्भिक प्रतिवेदन पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले अपराधको तहकिकातको सम्वन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

७. **तहकिकात गरी सबूद प्रमाण संकलन गर्ने** : (१) कुनै प्रहरी कार्यालयलाई अनुसूची १ मा उल्लेखित कुनै अपराध भएको वा भईरहेको  वा हुन लागेको जानकारी प्राप्त भएमा सो प्रहरी कार्यालयको कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र त्यसको तहकिकात गरी सबूद प्रमाण संकलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासंभव निम्नलिखित कुराहरु खुलाई मुचुल्का तयार गर्नु पर्नेछ :

(क) अपराध भएको ठाउँको विवरण,

(ख) सो ठाउँको वस्तुस्थिति तथा अपराध वा अपराधीसँग त्यसको सम्वन्ध, र

(ग) अपराध भएको ठाउँ वा त्यसको वरपर देखिएको वा पाइएको अन्य कुनै उल्लेखनीय कुरा

(३) उपदफा (२) बमोजिम बस्तुस्थिति सम्वन्धी मुचुल्का तयार गर्नुको अतिरिक्त तहकिकात गर्ने प्रहरी कर्मचारीले यथासंभव सो ठाउँको र सो ठाउँमा देखिएको वा पाइएको औंला वा खुट्टाको पाईलाको चिन्ह वा अन्य कुनै महत्वपूर्ण कुराको फोटो समेत लिन सक्नेछ।

(४) तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराधसँग सम्वन्धित कागजात वा वस्तु फेला पारेमा त्यसलाई कब्जामा लिनु पर्नेछ।

(५) यो दफा बमोजिम तहकिकात गर्दा सम्वन्धित प्रहरी कर्मचारीले कुनै विषयमा सरकारी वकीलको राय सल्लाह मागेमा त्यस्तो राय सल्लाह दिनु सरकारी वकीलको कर्तव्य हुनेछ ।

८. **रोहवरमा राख्नु पर्ने** : कुनै अपराधको तहकिकातको सिलसिलामा कुनै घर वा ठाउँको वस्तुस्थिति सम्वन्धी मुचुल्का तयार गर्दा वा कुनै व्यक्ति वा वस्तु वा ठाउँको खानतलासी लिँदा वा लाश जाँच गर्दा त्यस्तो ठाउँमा भएका कम्तिमा दुईजना स्थानीय व्यक्तिहरु र सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकाका एकजना सदस्य वा त्यस्तो सदस्य नभए कुनै सरकारी कार्यालयको एकजना कर्मचारीलाई र फेला परेसम्मका अभियुक्त र अपराधको सूचना दिने व्यक्तिलाई समेत रोहवरमा राख्नु पर्नेछ ।

तर अभियुक्त वा अपराधको सूचना दिने व्यक्ति रोहबरमा नराखेको कारणले मात्र त्यस्तो काम कारवाही बदर हुने छैन ।

९. **बयान लिने र सोधपुछ गर्ने** : (१) अनुसूची १ मा उल्लेखित कुनै पनि अपराधको सम्वन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी वकील समक्ष सम्वन्धित अभियुक्तको बयान लिनेछ ।

(२) अनुसूची १ मा उल्लेखित कुनै अपराधको सम्वन्धमा शंकास्पद देखिएको तथा तत्सम्वन्धमा कुनै महत्वपूर्ण कुरा थाहा छ भन्ने विश्वास गर्नु पर्ने कुनै मनासिब कारण भएको व्यक्तिलाई तहकिकात गर्ने प्रहरी कर्मचारीले सोधपुछ गरी आवश्यक देखेमा निजको कुरा बयानको रूपमा लेखबद्ध गरी राख्नेछ ।

१०. **खानतलासी** : (१) कुनै अपराधको सम्वन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधसँग सम्वन्धित कुनै व्यक्ति वा दशी प्रमाण कुनै व्यक्तिसँग वा कुनै ठाउँमा छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएमा निजले त्यस्तो व्यक्ति वा ठाउँको तोकिए बमोजिम खानतलासी लिन सक्नेछ ।

तर कुनै महिलाको जिउको तलासी लिन पर्दा महिला प्रहरी वा अन्य कुनै महिलाद्वारा नै लिन लगाउनु पर्नेछ ।

(२) खानतलासी लिनु पर्ने व्यक्ति वा ठाउँ अन्य प्रहरी कार्यालय क्षेत्रमा पर्ने भए तहकिकात गर्ने प्रहरी कर्मचारीले सो प्रहरी कार्यालयलाई त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिन लिखित अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भएमा सो प्रहरी कार्यालयको कम्तिमा प्रहरी सहायक निरीक्षक दर्जाको प्रहरी कर्मचारीले त्यस्तो व्यक्ति वा ठाउँको खानतलासी लिई उपदफा (३) बमोजिम तयार भएको मुचुल्का त्यसरी अनुरोध गर्ने प्रहरी कर्मचारी कहाँ पठाउनु पर्नेछ ।

तर सो बमोजिम अन्य प्रहरी कार्यालयमा लेखी पठाउँदा कुनै प्रमाण लोप वा नाश हुने संभावना छ भन्ने लागेमा तहकिकात गर्ने प्रहरी कर्मचारी आफैंले खानतलासी लिनु पर्ने व्यक्ति कहाँ वा ठाउँमा गई यस दफा बमोजिम खानतलासी लिन सक्नेछ र सो को सूचना सम्वन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(३) खानतलासी लिंदा पाइएको अपराधसँग सम्वन्धित वस्तुको विवरण र त्यस्तो वस्तु पाइएको ठाउँ र अवस्था खुलाई खानतलासी लिने कर्मचारीले दुई प्रति मुचुल्का तयार गरी एक प्रति सम्वन्धित व्यक्तिलाई दिई एक प्रति मिसिल सामेल राख्नु पर्नेछ। खानतलासी लिने कर्मचारीले त्यस्तो कुनै वस्तु आफ्नो साथमा लैजान चाहेमा सम्वन्धित व्यक्तिलाई त्यसको भरपाई दिएर मात्र लैजानु पर्नेछ।

११. **लास जाँच** : (१) कुनै प्रहरी कार्यालयको क्षेत्रभित्र कुनै व्यक्ति कर्तव्य वा दुर्घटना भई वा आत्महत्या गरी वा कुनै अपराधको परिणाम स्वरुप शंकास्पद स्थितिमा मरेको जानकारी प्राप्त भएमा सो क्षेत्रको प्रहरी कार्यालयको कम्तिमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीले यथाशीघ्र लाश रहेको ठाउँमा गई लाश जाँच गरी यथासम्भव निम्नलिखित कुराहरु समेत खुलाई मुचुल्का तयार गर्नु पर्नेछ र सम्भव भएसम्म लाशको र सम्वन्धित ठाउँको फोटो समेत खिच्नु पर्नेछ :

(क) लाशको सनाखत हुने विवरण,

(ख) लाश रहेको ठाउँ र लाशको अवस्था,

(ग) लाशमा कुनै घाउ, चोट, नील वा डाम देखिएमा त्यस्तो घाउ, चोट, नील वा डाम देखिएको ठाउँ, संख्या, लम्बाई, चौडाई, गहिराई समेतको प्रत्येक घाउ, चोट, नी डामको विवरण

(घ) मृत्यु गराउने संभावित साधन र लाशमा देखा परेका तत्सम्वन्धी लक्षण,

(ङ) मृत्युको कारण थाहा पाउन सहायता हुने लाशमा देखिएको अन्य कुनै लक्षण र

(च) अन्य उल्लेखनीय कुरा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मुलुकी ऐन ज्यान सम्वन्धी महलको २ नं. बमोजिम अधिकृत व्यक्तिले लाश जाँच गर्ने कुरालाई बाधा पुऱ्याएको मानिने छैन।

(३) उपदफा (१) बमोजिम लाश जाँच गर्दा कुनै अपराधको परिणामस्वरूप वा शंकास्पद स्थितिमा मृत्यु भएको देखिन आएमा सम्वन्धित प्रहरी कर्मचारीले सो लाशलाई शव परीक्षणको निमित्त सरकारी खर्चमा सरकारी चिकित्सक समक्ष पठाउनु पर्नेछ।

(४) लाश सडी गली जाँच गर्न नसकिने अवस्था भएमा वा देखिएमा सम्वन्धित प्रहरी कर्मचारीले सो कुरा खुलाई मुचुल्का खडा गरी राख्नु पर्नेछ र उपदफा (३) बमोजिम कारवाही गर्न आवश्यक पर्ने छैन।

(५) लाश जाँच भैसकेपछि वा उपदफा (४) बमोजिम मुचुल्का खडा भएपछि सम्वन्धित प्रहरी कर्मचारीले हकवालालाई भरपाई गराई लाश बुझाउनु पर्छ। हकवालाले लाश बुझी नलिएमा वा कुनै हकवाला उपस्थित नभएमा सम्वन्धित प्रहरी कर्मचारीले सरकारी खर्चमा प्रहरी ऐन बमोजिम लाशको सद्गत गराउनु पर्नेछ।

१२. **रगत, वीर्य इत्यादि जाँच गर्ने** : अपराधको प्रकृतिबाट पक्राउमा परेका व्यक्तिको रगत, वीर्य वा शरीरको कुनै अंग वा अन्य कुनै कुराको जाँच गरिएमा अपराध सम्वन्धी प्रमाण उपलब्ध हुन सक्तछ भन्ने विश्वास गर्ने मनासिब आधार भएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले सरकारी चिकित्सकद्वारा वा प्रयोगशालामा त्यस्तो रगत, वीर्य, अंग वा कुनै कुराको जाँच गराउन सक्नेछ।

तर कुनै महिलाको शारीरिक अंग जाँच गर्नु परेमा पाएसम्म कुनै महिला चिकित्सकद्वारा वा पुरुष चिकित्सकको निर्देशनमा कुनै महिलाद्वारा गराउनु पर्नेछ।

१३. **विशेषज्ञको राय लिने** : अपराधको तहकिकात गर्ने प्रहरी कर्मचारीले आवश्यक सम्झेमा अपराधसँग सम्वन्धित कुनै कुराको सम्वन्धमा विशेषज्ञको राय लिन सक्नेछ।

१४. **पक्राउ गर्ने** : (१) यस ऐन बमोजिम कुनै अपराधको सम्वन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शंका गर्नु पर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।

(२) कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई पक्री नजिकको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नु पर्ने कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्नेछ । कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग सक्नेछ।

(४) कुनै महिलालाई पक्राउ गर्नु परेमा यथासंभव महिला प्रहरीद्वारा पक्रन लगाउनु पर्नेछ।

(५) यस दफा बमोजिम पक्रिएको व्यक्तिको तलासी लिंदा फेला परेको कुनै प्रमाण लिखत वा अन्य कुनै चीज वा खरखजाना, हात हतियार पक्राउ गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई त्यसको मुचुल्का खडा गरी राख्नु पर्नेछ।

१५. **तहकिकातको लागि थुनामा राख्न सकिने अवधि र तत्सम्वन्धी कार्य प्रणाली** : (१) यो दफा बमोजिम अन्यथा हुने भएमा बाहेक कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घण्टा भन्दा बढी थुनामा राख्नु हुँदैन।

स्पष्टीकरण : थुनामा परेको व्यक्तिलाई उपदफा (२) बमोजिम अदालतमा उपस्थित गराउन प्रहरी कार्यालयमा ल्याउन वा प्रहरी कार्यालयबाट अदातलमा पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई यो दफाको प्रयोजनको लागि थुनाको अवधिमा गणना गरिने छैन।

(२) अनुसूची १ मा उल्लेखित कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्वन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालत समक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अदालतसँग

अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भईसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराइएको व्यक्तिले त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्वन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको बिचार गरी सन्तोषजनक रूपमा तहकिकात भैरहेको देखिएमा एकै पटक वा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ।

१६. **सनाखत** : (१) कुनै मुद्दामा कुनै अभियुक्तको सनाखत गराउनु पर्ने भएमा प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले प्रचलित कानूनको रीत पुऱ्याई सनाखत गराउन सक्नेछ।

(२) कुनै मुद्दासँग सम्वन्धित दशी वा चिज वस्तुलाई प्रहरी सहायक निरीक्षकसम्मको प्रहरी कर्मचारीले तोकिए बमोजिमको रीत पुऱ्याई सनाखत गराउन सक्नेछ।

१७. **राय सहितको प्रतिवेदन पठाउनु पर्ने** : (१) अनुसूची १ मा उल्लेखित कुनै अपराधको तहकिकात पूरा भएपछि तहकिकात गर्ने प्रहरी कर्मचारीले अपराध भएको र सबै वा केही अभियुक्त उपर मुद्दा चलाउन प्रमाण पुग्ने देखिएकोमा सोही कुरा खोली तथा अपराध नभएको देखिएको वा अपराध भएको भए पनि अभियुक्त यही हो भन्ने खुल्न नसकेको वा कुनै पनि अभियुक्त उपर मुद्दा चलाउन प्रमाण नपुग्ने देखिएकोमा सोही व्यहोरा खुलाई आफ्नो राय सहित थुनुवा नभएको मुद्दा भए सम्वन्धित कानूनको हदम्याद पुग्ने कम्तिमा पन्ध्र दिन अगावै र थुनुवा भएको मुद्दा भए मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने र अभियोगपत्र तयार गरी अदालतमा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी मिसिल कागजको सक्कल र नक्कल प्रति, दसी प्रमाण सहित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रहरीको राय सहितको मिसिल प्राप्त भएपछि सरकारी वकीलले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने सम्वन्धमा अन्तिम निर्णयको लागि महान्यायाधिवक्ता समक्ष मिसिल पठाउनु पर्नेछ।

तर संविधानको धारा ११० को उपधारा (२) बमोजिम महान्यायाधिवक्ताले आफ्नो अधिकार सोही धाराको उपधारा (५) बमोजिम सरकारी वकीललाई सुम्पिएकोमा सम्वन्धित सरकारी वकीलले सुम्पिएको अधिकार बमोजिम निर्णय गर्नेछ।

(३) उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा सरकारी वकीलले थप सबूद प्रमाण संकलन गर्न वा कुनै व्यक्तिसँग सोधपुछ गर्न आवश्यक देखेमा त्यस्तो सबूद प्रमाण संकलन गरी पठाउन वा त्यस्तो व्यक्तिसँग सोधपुछ गरी पठाउन

तहकिकात गर्ने प्रहरी कर्मचारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

१८. **अभियोगपत्र** : (१) दफा १७ को उपदफा (२) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखिएमा सरकारी वकीलले देहायका कुराहरु उल्लेख गरी तोकिएको ढाँचामा अभियोगपत्र तयार गरी दसी प्रमाण तथा अपराधसँग सम्वन्धित चीज वा वस्तु र थुनुवा भए थुनुवा सहित म्यादभित्रै सम्वन्धित अदालतमा दायर गर्नु पर्नेछ :

(क) अभियुक्तको पूरा नाम, थर र वतन

(ख) अपराध सम्वन्धी सूचनाको व्यहोरा,

(ग) अपराध सम्वन्धी विवरण

(घ) अभियुक्त उपर लगाइएको अभियोग र तत्सम्वन्धी प्रमाण

(ङ) सम्वन्धित कानून,

(च) अभियुक्तलाई हुनुपर्ने सजाय र

(छ) अपराधबाट क्षति पुगेको व्यक्तिलाई क्षतिपूर्ति भराई दिनु पर्ने भए सो क्षतिपूर्तिको रकम ।

(२) उपदफा (१) बमोजिम दायर गरिने अभियोगपत्रमा अभियोगको उल्लेख गर्दा अभियुक्त उपर अभियोग लगाउन खोजिएको अपराधको प्रचलित कानूनमा कुनै खास नामाकरण गरिएको रहेछ भने सो अपराधको सम्वन्धमा सो नामको उल्लेख गर्नु पर्नेछ । प्रचलित कानूनमा कुनै नामाकरण नगरिएको अपराधको हकमा अभियुक्तले आफूमाथि लगाइएको अभियोग स्पष्ट रुपमा बुझ्न सक्ने गरी अपराधको तत्वहरु उल्लेख गर्नु पर्नेछ ।

(३) अभियुक्तले पहिले पनि कुनै अपराधमा सजाय पाइसकेको कारणले बढी सजाय हुनु पर्ने अवस्था रहेछ भने निजले पहिले सजाय पाएको मिति र सजाय गर्ने अदालतको नाम पनि उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम अदालतमा अभियोगपत्र दायर गर्दा कुनै अपराधको सम्वन्धमा नेपाल सरकारको वा नेपाल सरकारबाट अधिकार प्राप्त अधिकृतको वा कुनै कानूनद्वारा तोकिएको कुनै अधिकृतको स्वीकृति चाहिने भएमा त्यस्तो स्वीकृतिको लिखत तहकिकातको मिसिल तथा तहकिकातको सिलसिलामा फेला परेका प्रमाणहरु पनि साथै पेश गर्नु पर्नेछ र अभियुक्त पक्राउमा परेको भए निजलाई पनि अदालतमा उपस्थित गराउनु पर्नेछ ।

१९. **सुरक्षित राख्ने** : सरकारी वकीलको मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल लगायतका दसी प्रमाणका चीज वा वस्तु सम्वन्धित प्रहरी कार्यालयमा फिर्ता पठाउनु पर्नेछ र त्यस्तो मिसिल लगायतका दसी प्रमाणका चीज वा वस्तु प्रहरीले तोकिएको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।

२०. **<u>जाहेरवालालाई सूचना दिनु पर्ने</u>** : कुनै अपराधको सम्वन्धमा मुद्दा नचलाउने निर्णय भएपछि सम्वन्धित प्रहरी कर्मचारीले त्यसको सूचना जाहेरवालालाई दिनु पर्नेछ ।

२१. <u>हिरासतमा रहेको व्यक्तिलाई प्रहरीले छाड्न सक्ने</u> : यस ऐन बमोजिम तहकिकातको सिलसिलामा प्रहरी हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहन आवश्यक नदेखिएमा तोकिए बमोजिम सरकारी वकीलको सहमती लिई वा अवस्थानुसार नलिई मनासिब कारण सहितको पर्चा खडा गरी प्रहरी कर्मचारीले त्यस्तो व्यक्तिलाई हाजिर जमानीमा छाड्न सक्नेछ ।

२२. **<u>देवानी मुद्दाको जाँचबुझ र दायरी</u>** : (१) अनुसूची २ मा लेखिएको मुद्दा र प्रचलित कानूनमा सरकारवादी भनिएको देवानी मुद्दा चलाउन चाहने व्यक्तिले त्यस्तो मुद्दाको विषयमा आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबूद प्रमाण खुलाई नेपाल सरकारबाट यस सम्वन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको वा प्रचलित कानूनमा तोकिएको अधिकृतलाई लिखित दरखास्त वा मौखिक खवर दिनु पर्छ मौखिक खवर दिएकोमा सम्वन्धित अधिकृतले त्यस्तो व्यक्तिको कुरा दरखास्तको रुपमा लेखी निजको सहिछाप गराई लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त बारे सम्वन्धित अधिकृतले आवश्यकता अनुसार नापी नक्सा वा अरु जाँचबुझ गरी मुद्दा चलाउने वा नचलाउने निर्णयको लागि संकलन गरिएको सबूद प्रमाण र आफ्नो राय समेत उल्लेख गरी सम्वन्धित कानूनको हदम्याद पुग्ने कम्तिमा पन्ध्र दिन अगावै मिसिल कागजको सक्कल र नक्कल प्रति सम्वन्धित जिल्लाको सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।

(३) कसैको दरखास्त नपरे पनि सम्वन्धित अधिकृत आफैंले मुद्दा चलाउन पर्ने कारण देखेमा आवश्यक प्रमाण संकलन गरी उपदफा (२) बमोजिम कार्यविधि पूरा गरी सरकारी वकील समक्ष मिसिल पठाउनु पर्नेछ ।

(४) सम्वन्धित अधिकृतले उपदफा (२) वा (३) बमोजिम सरकारी वकील समक्ष मिसिल पठाउँदा सरकारी वकीललाई मुद्दा चल्ने नचल्ने निर्णय गर्न लाग्ने समय र सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भएमा फिरादपत्र तयार गरी मुद्दा दायर गर्न लाग्ने समयलाई समेत ध्यानमा राखी समयमै पठाउनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्वन्धमा यस ऐनको दफा (१७) को उपदफा (२) को व्यवस्था लागू हुनेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम प्राप्त मिसिल अध्ययन गरी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सिलसिलामा मिसिल अध्ययन गर्दा मुद्दा चल्ने देखेमा सरकारी वकीलले फिरादपत्र तयार गरी सबूद प्रमाण सहित सम्वन्धित अदालतमा मुद्दा दायर गर्नु पर्नेछ ।

(७) सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा मिसिल र सबूद प्रमाण सम्वन्धित अधिकृत कहाँ फिर्ता पठाउनु पर्नेछ र त्यस्तो मिसिल र सबूद प्रमाण सम्वन्धित अधिकृतले तोकिएको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।

२३. **नेपाल सरकार वादी हुने** : अनुसूची १ वा २ मा लेखिएको मुद्दा नेपाल सरकार वादी भई चल्नेछन् र त्यस्तो मुद्दा सम्वन्धी सूचना दिने व्यक्ति वादी पक्षको गवाह मानिनेछ ।

तर तहकिकात गर्दै जाँदा सबूद प्रमाणबाट अनुसूची १ वा २ को अपराध वा अवस्था नदेखिई प्रचलित कानून बमोजिम मर्का पर्ने व्यक्ति आफैंले नालिस गर्नु पर्ने देखिएमा सोही कुरा उल्लेख गरी सरकारी वकीलले निर्णय गरी सम्वन्धित व्यक्तिलाई सूचना दिनु भनी प्रहरी वा सम्वन्धित अधिकृतलाई जनाउ दिनेछ । त्यस्तो जनाउ पाएको मितिले सम्वन्धित व्यक्तिको हकमा प्रचलित कानून बमोजिमको हदम्यादको गणना हुनेछ ।

२४. **पुनरावेदन वा पुनरावलोकन गर्दा गर्ने** : (१) अनुसूची १ वा २ मा लेखिएका मुद्दा र कुनै ऐनमा नेपाल सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुरावेदन वा पुनरावलोकन वा तत्सम्वन्धी कुनै निवेदन दिनु पर्दा सम्वन्धित सरकारी वकीलले दिनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक नेपाल सरकार पक्ष वा विपक्ष भएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत्सम्वन्धी कुनै निवेदन दिनु पर्दा सम्वन्धित अधिकृत वा कार्यालय प्रमुख आफैंले दिन सक्नेछ ।

तर सम्वन्धित अधिकृत वा कार्यालय प्रमुखले लेखी पठाएमा सम्वन्धित सरकारी वकीलले पुनरावेदन, पनरावलोकन वा तत्सम्वन्धी कुनै निवेदन दिन सक्नेछ ।

(३) सरकारी काम कारवाहीको सम्वन्धमा कुनै सरकारी कर्मचारी वादी वा प्रतिवादी भई चलेको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा निवदेन गर्न पर्ने अवस्थामा वादी वा प्रतिवादी भएको कर्मचारी त्यस पदमा रहेनछ भने त्यस पदमा बहाल रहेका कर्मचारीको नामबाट पुनरावेदन वा पुनरावलोकन वा निवेदन दिन सकिनेछ ।

२५. **नेपाल सरकार वा सरकारी कर्मचारी उपर नालिस उजूर दिने र समाव्हान इतलायनामा इत्यादि तामेल गर्ने** : (१) नेपाल सरकारले गरेको काम कारवाहीको सम्वन्धमा नालिस वा उजूर गर्दा नेपाल सरकारलाई पक्ष बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मुद्दामा सरकारी वकील मार्फत इतलायनामा वा सूचना तामेल गरिनेछ ।

(३) सरकारी काम कारवाहीको सम्वन्धमा कुनै सरकारी कर्मचारी उपर नालिस वा उजूर परेकोमा सम्वन्धित कर्मचारी वा निजको सट्टामा काम गर्ने कर्मचारी कहाँ समाब्हान, इतलायनामा वा सूचना पठाउनु पर्छ । त्यस्तो समाब्हान, इतलायनामा वा सूचनामा पद र कार्यालयको ठेगानासम्म लेखे पुग्छ ।

तर सरकारी वा गैर सरकारी कामको सम्वन्धमा कुनै सरकारी कर्मचारी उपर व्यक्तिगत तबरबाट पर्न आएको नालिस वा उजूरीको समाब्हान, इतलायनामा वा सूचना पाउनेमा यो दफाको कुनै कुरा लागू हुने छैन ।

२६. **म्याद दिन** : (१) अनुसूची १ वा २ मा लेखिएको मुद्दामा पुनरावेदनको म्याद दिँदा अदालतले सत्तरी दिनको म्याद दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम म्याद गुज्री सम्वन्धित पक्षले मनासिब माफिकको कारण देखाई अदालतलाई निवदेन गरेमा अन्य प्रचलित कानूनले थमाउन पाउने म्यादमा अदालतले बढीमा तीस दिनसम्म थप गर्न सक्नेछ।

(३) नेपाल सरकारको तर्फबाट कुनै व्यक्तिको नाउँमा देवानी विषयमा नालिस गर्न पर्ने भएमा प्रचलित कानूनमा सो विषयमा नेपाल सरकारले नालिस उजूर गर्न हदम्याद तोकिएको भए सोही म्यादभित्र र त्यस्तो हद म्याद नतोकिएकोमा सो नालिस गर्नु पर्ने भएको कुरा नेपाल सरकारलाई थाहा भएको मितिले दुई वर्षभित्र नालिस गर्नु पर्नेछ।

तर प्रचलित कानूनमा नालिस गर्नलाई हदम्याद हुँदैन भन्ने र जहिले सुकै पनि नालिस लाग्छ भन्ने लेखिएकोमा जहिले सुकै पनि नालिस उजूर लाग्न सक्नेछ।

स्पष्टीकरण : नेपाल सरकारको सम्वन्धित अधिकृतले थाहा पाएकोलाई नेपाल सरकारले थाहा पाएको मानिनेछ।

२७. **सरोकारवाला व्यक्तिलाई पक्ष कायम गर्ने** : यस ऐन बमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा अनुसूची १ वा २ भित्र नपर्ने भन्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानून बमोजिम कारवाही किनारा गर्नु पर्नेछ।

२८. **पोल उजूर गरे वापतको सजायमा छुट** : (१) अनुसूची १ वा २ मा लेखिएको मुद्दामा पोल उजूर गरे वापतको सजाय हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आफू गवाह भई नेपाल सरकार, प्रहरी कर्मचारी वा अन्य अधिकारीलाई विश्वास पर्ने किसिमसंग कुरा वा सबूद प्रमाण देखाई पोल उजूर गरेकोबाट अदालतमा मुद्दा चलिसकेपछि सो कुरा वा सबूद प्रमाण झुट्टा वा बनावटी हो भन्ने देखिएमा अदालतले देहाय बमोजिम सजाय गर्न सक्नेछ :

(क) त्यस्तो झुट्टा कुरा लेखी दिने वा बनावटी प्रमाण पेश गर्ने गवाहलाई तीहजार रुपैयाँसम्म जरीवाना वा तीन महीनासम्म कैद वा दुबै सजाय गर्न सक्नेछ।

तर त्यसरी सजाय गर्दा कसूरदारलाई हुने सजायको आधा भन्दा बढी जरिवाना वा कैद गर्नु हुँदैन।

(ख) त्यस्तो झुट्टा कुरा लेखी दिने वा बनावटी प्रमाण पेश गर्ने काम पोल उजूर गर्ने गवाहले मनासिब माफिकको कारण नभई रिसइबीले गरेको भन्ने अदालतलाई लागेमा सफाई पाउने प्रतिवादीलाई त्यस्तो गवाहबाट मुद्दाको अवस्था विचार गरी पाँचहजार रुपैयाँसम्म क्षतिपूर्ति त्यसै मुद्दाबाट भराई दिन सक्नेछ।

२९. **सरकारी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने** : (१) प्रचलित कानून बमोजिम नेपाल सरकार वादी भै हेरिने वा नेपाल सरकारको तर्फबाट चलाइएको वा नेपाल सरकार उपर परेको मुद्दा मालिला नेपाल सरकारको आदेश भएमा सरकारी वकीलले अरु पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मन्जूरीले त्यस्तो मुद्दा मध्ये नेपाल सरकार वादी भएको फौज्दारी मुद्दा फिर्ता लिन हुन्छ र सो भएमा देहायका कुरामा देहाय बमोजिम हुनेछ :

(क) मुद्दा मिलापत्र गरेकोमा कसैलाई बक्सौनी लाग्ने छैन ।

(ख) मुद्दामा फिर्ता लिएकोमा फौज्दारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सत पाउँछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै गैर सरकारी व्यक्तिको सम्पत्ति सम्बन्धी कुरामा असर पर्ने रहेछ भने त्यस्तो मुद्दा यस दफा बमोजिम अदालतबाट फिर्त लिन दिन हुँदैन ।

३०. **सरकारी वकीलको अन्य काम** : (१) अनुसूची १ वा २ मा लेखिएको मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने अन्य जुनसुकै मुद्दामा साक्षी बकाउने तथा प्रमाण पेश गर्ने काम सरकारी वकीलले गर्नेछ ।

(२) अनुसूची १ मा लेखिएका मुद्दाका साक्षी प्रमाणहरु अदालतले खोजेका दिन सरकारी खर्चमा सरकारी वकील मार्फत उपस्थित गराउने कर्तव्य प्रहरीको हुनेछ ।

(३) अनुसूची २ मा लेखिएका मुद्दा र नेपाल सरकार वादी वा प्रतिवादी भएको अन्य मुद्दाका साक्षी प्रमाणहरु अदालतले खोजेका दिन सरकारी वकील मार्फत उपस्थित गराउने कर्तव्य सम्वन्धित अधिकृतको हुनेछ ।

३१. **अनुसूची १ वा २ मा लेखिएको बाहेकका मुद्दाका सम्वन्धमा** : (१) अनुसूची १ वा २ मा लेखिएका मुद्दा बाहेक नेपाल सरकारको तर्फबाट चलाइने अन्य मुद्दाका सम्वन्धमा सम्वन्धित कानूनमा वा नेपाल सरकारले मुद्दा चलाउने वा सबूद प्रमाण संकलन गर्ने कुनै अधिकारी तोकिदिएको भए त्यस्तो अधिकारीबाट र त्यस्तो अधिकारी नतोकिएकोमा सम्वन्धित कार्यालय प्रमुखले सबूद प्रमाण संकलन गरी अभियोगपत्र वा फिरादपत्र दायर गर्न म्याद ननाध्ने गरी आफ्नो राय सहित मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्वन्धित सरकारी वकील समक्ष मिसिल एवं सबूद प्रमाण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्वन्धमा यस ऐनको दफा १७ को उपदफा (२) को व्यवस्था लागू हुनेछ ।

(३) उपदफा (१) बमोजिम मिसिल प्राप्त भएपछि मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भए कुन कानूनको कुन अभियोगमा क-कसलाई मुद्दा चलाउने सो समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाध्ने गरी प्राप्त मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सरकारी वकीलबाट मुद्दा चलाउने निर्णय प्राप्त भएपछि अभियोगपत्र वा फिरादपत्र तयार गरी प्रचलित कानूनमा तोकिएको व्यक्तिले सहि गरी थुनुवा भए थुनुवा समेत लगी म्याद भित्रै सम्वन्धित अदालत समक्ष मुद्दा दायर गरी मिसिलको एक प्रति नक्कल सरकारी वकीललाई उपलब्ध गराउनु पर्नेछ ।

(५) सरकारी वकीलले मुद्दा नचल्ने निर्णय गरेकोमा तोकिएको अवधिसम्म मिसिल सुरक्षित राख्नु पर्नेछ ।

३२. **सम्वन्धित निकायमा पठाउन सकिने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची १ वा २ मा पर्ने भनी तहकिकात गरिएको कुनै मुद्दा तहकिकात गर्दै जाँदा यस ऐन अन्तर्गत नपर्ने देखिएमा सम्वन्धित निकायमा पठाउन सकिनेछ ।

३३. **सरकारी वकीलले बहस पैरवी गर्ने** : (१) अनुसूची १ वा २ मा लेखिएको मुद्दा र नेपाल सरकार वादी हुने भनी कुनै कानूनमा लेखिएको मुद्दामा सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षा गर्नेछ । सो बाहेक नेपाल सरकारलाई विपक्षी बनाएको वा नेपाल सरकारले वादी भई चलाएको मुद्दामा सम्वन्धित निकायबाट अनुरोध भई आएमा सरकारी वकीलले बहस पैरवी वा प्रतिरक्षा गरी दिन सक्नेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकको नेपाल सरकारलाई सरोकार पर्ने जुनसुकै मुद्दामा प्रतिरक्षाको लागि सम्वन्धित अधिकारीले महान्यायाधिवक्तालाई सोझै अनुरोध गरी पठाएमा त्यस्तो मुद्दामा महान्यायाधिवक्ताले सरकारी वकीललाई बहस पैरवी वा प्रतिरक्षाको लागि खटाउन सक्नेछ ।

३४. **माथिल्लो तहका कर्मचारीको अधिकार** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सरकारी वकील वा प्रहरी कर्मचारीले गर्न सक्ने वा गर्नु पर्ने कुनै काम देहायको सरकारी वकील वा प्रहरी कर्मचारीले गर्नु हुन्छ :

(क) सो प्रहरी कर्मचारी भन्दा माथिल्लो दर्जाको सम्वन्धित क्षेत्रको कुनै प्रहरी कर्मचारीले र माथिल्लो दर्जाको सरकारी वकीलले ।

(ख) सो प्रहरी कर्मचारीको अनुरोधमा अन्य प्रहरी कार्यालको समान वा माथिल्लो स्तरको कुनै प्रहरी कर्मचारीले र अन्य कार्यालयको माथिल्लो स्तरको सरकारी वकीलले ।

३५. **अनुसूचीमा थपघट गर्न सक्ने** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची १ वा २ मा लेखिएको मुद्दाहरुमा थपघट गर्न सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी देहायकका विषयहरुमा नियम बन्न सक्नेछ :

(क) सरकारी वकीलको काम, कर्तव्य र अधिकार तोक्ने,

(ख) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा चलाउने र प्रतिरक्षा गर्ने ।

(ग) तहकिकात सम्वन्धी आवश्यक कुराहरु ।

३६. **नियम बनाउने अधिकार** : (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) मा लेखिएको अधिकारको सर्वसामान्यतया कुनै प्रतिकूल प्रभाव नपर्ने गरी देहायका विषयहरूमा नियम बन्न सक्नेछ:-

(क) सरकारी वकीलको काम, कर्तव्य र अधिकार तोक्ने,

(ख) नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा चलाउने र प्रतिरक्षा गर्ने,

(ग) तहकिकात सम्बन्धी आवश्यक कुराहरू ।

३७. **खारेजी** : सरकारी मुद्दा सम्वन्धी ऐन, २०१७ खारेज गरिएको छ।

♣३८. ................

♣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ द्वारा झिकिएको ।

द्रष्टव्य : केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५५ द्वारा प्रचलित कानूनमा ठाउँ ठाउँ प्रयोग भएका देहायका शब्दहरु राखी रुपान्तरण गरिएको छ :

(क) "दाना जाँचकी" को सट्टा "दाना निरीक्षक"
(ख) "बरिष्ट सरकारी अधिवक्ता" को सट्टा "नायवमहान्यायाधिवक्ता "
(ग) "सरकारी अधिवक्ता" को सट्टा "सहन्यायाधिवक्ता"
(घ) "उपसरकारी अधिवक्ता" को सट्टा "उपन्यायाधिवक्ता"
(ङ) "जिल्ला सरकारी अधिवक्ता" को सट्टा "जिल्लान्यायाधिवक्ता"
(च) "सहायक जिल्ला सरकारी अधिवक्ता" को सट्टा "सहायक जिल्ला न्यायाधिवक्ता"
(छ) "सरकारी मुद्दा सम्वन्धी ऐन, २०१७" को सट्टा "सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९"
(ज) "कम्पनी ऐन, २०२१" को सट्टा "कम्पनी ऐन, २०५३ ।"

## अनुसूची १

१. राजगद्दी वा राजपरिवारको गाथ सम्वन्धी मुद्दा ।

२. राज्य विरुद्धको अपराध र सजाय ऐन, २०४६ अन्तर्गत सजाय हुने मुद्दा ।

३. मुलुकी ऐन ज्यान सम्वन्धीको महलले सजाय हुने मुद्दा ।

४. मुलुकी ऐन जबरजस्ती करणीको महलले सजाय हुने मुद्दा ।

५. मुलुकी ऐन चोरीको महलले सजाय हुने मुद्दा (जारी चोरी बाहेक) ।

♣६. मुलुकी ऐन आगो लगाउनेको महलले सजाय हुने मुद्दा ।

७. गोबध सम्वन्धी वा मुलुकी ऐन चौपायाको महलको ८ नं. अन्तर्गत सजाय हुने मुद्दा ।

८. सरकारी वा अरु सार्वजनिक धनमाल नोक्सान वा हिनामिना गरेको मुद्दा ।

९. हात हतियार खरखजाना सम्वन्धी मुद्दा ।

१०. मुलुकी ऐन खोटा चलनको महलले सजाय हुने मुद्दा ।

११. जोसुकैसंग रहने भए पनि सरकारी छाप दस्तखत वा सो छाप दस्तखत भएको वा सरकारी काममा कुनै कर्मचारीको छाप दस्तखत भएको कागज किर्ते गरेको मुद्दा ।

१२. अरुका धर्ममा खलल पर्ने गरी कुनै धर्म प्रचार गर्ने, कसैको धर्म परिवर्तन गर्ने गराउने वा सो कुराको उद्योग गरेको मुद्दा ।

१३. जुवा सम्वन्धी मुद्दा ।

१४. मुलुकी ऐन जीउ मास्ने बेच्नेको महलले सजाय हुने मुद्दा ।

१५. हुलाक ऐन, २०१९ अन्तर्गत सजाय हुने मुद्दा ।

१६. जासूसी ऐन, २०१८ अन्तर्गत सजाय हुने मुद्दा ।

१७. नेपाल नागरिकता ऐन, २०२० अन्तर्गत सजाय हुने मुद्दा ।

१८. प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अन्तर्गत सजाय हुने मुद्दा ।

१९. यस ऐनको अनुसूची १ वा २ अन्तर्गतका मुद्दाको जरियाबाट उठेको किर्ते वा जालसाजी मुद्दा ।

२०. केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७ अन्तर्गत सजाय हुने मुद्दा ।

२१. लागू औषध (नियन्त्रण) ऐन, २०३३ अन्तर्गत सजाय हुने मुद्दा ।

२२. आवश्यक सेवा सञ्चालन ऐन, २०१४ अन्तर्गत सजाय हुने मुद्दा ।

२३. कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ अन्तर्गत सजाय हुने मुद्दा ।

२४. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा ।

२५. लिखतहरुको गोप्यता सम्वन्धी ऐन, २०३९ अन्तर्गत सजाय हुने मुद्दा ।

२६. राहदानी ऐन, २०४४ अन्तर्गत सजाय हुने मुद्दा ।

२७. मुलुकी ऐन ठगीको महलले सजाय हुने मुद्दा ।

♥२८. मुलुकी ऐन बिहावारीको महलको २ नं. अन्तर्गत सजाय हुने मुद्दा र जुनसुकै तरिकाबाट लोग्ने स्वास्नी कायम हुने गरी अर्को स्वास्नी ल्याएमा वा विवाह गरेमा वा राखेमा सोही महलको १० नं. अन्तर्गत सजाय हुने मुद्दा ।

---

♣ मिति २०५५।३।२९ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा क्र.स. ६ को साट्टा राखिएको ।

♥ मिति २०४९।९।८ को सूचनाद्वारा क्रमसंख्या २८ को सट्टा राखिएको । (ने.रा.प. २०४९।९।८)

♠२९. ....................

३०. ज्यान सम्वन्धीको महल र चौपायाको महलले सजाय हुने बाहेक मानिस, गाई, साढें र गोरु मरेकोमा सवारी सम्वन्धी प्रचलित कानून बमोजिम सजाय हुने मुद्दा ।

❖३०क. मुलुकी ऐन अदलको महलको १०ख. नं. अन्तर्गत सजाय हुने मुद्दा ।

३१. जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ अन्तर्गत सजाय हुने मुद्दा ।

३२. बैंक वा नेपाल सरकाको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थाको नगदी वा जिन्सी सम्वन्धित बैंक वा संस्थाको कर्मचारीसंग मिलोमतो गरी वा नगरी अन्य कुनै व्यक्तिले मसोट वा हिनामिना गरेको मुद्दा ।

३३. बैंक वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संगठित संस्थामा किर्ते कागजात पेश गरी ठगी गरेको किर्ते तथा ठगी मुद्दा ।

३४. बगलीमारा चोरी मुद्दा ।

३५. कुनै ऐनमा नै यो अनुसूचीमा समावेश भएको मानिनेछ भनी लेखिएको मुद्दा ।

यस अन्तर्गत समावेश हुने मुद्दाहरू :

(क) शिक्षा ऐन, २०२८ को दफा १७ को उपदफा (१) को खण्ड १(क) बमोजिमको मुद्दा ।

(ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अन्तर्गत भ्रष्टाचारको आरोपमा चलेको मुद्दा (ऐनको दोश्रो संशोधनद्वारा) ।

(ग) बन ऐन २०४९ अन्तर्गतको मुद्दा ।

(घ) मतदाता नामावली सम्वन्धी ऐन, २०५२ अन्तर्गतको मुद्दा ।

(ङ) दूर सञ्चार ऐन, २०५३ को दफा ४७ को उपदफा (५) अनुसारको मुद्दा (ऐन मिति २०५४।७।१८ देखि प्रारम्भ)

(च) उपभोक्ता संरक्षण ऐन, २०५४ अन्तर्गतको मुद्दा ।

(छ) मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ अन्तर्गतको मुद्दा (ऐन मिति २०५८।१०।२२ बाट प्रारम्भ)

(ज) पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ अन्तर्गतको मुद्दा ।

(झ) आयोडीन युक्त नुन (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५ अन्तर्गतको मुद्दा ।

(ञ) पशु बद्यशाला र मासु जाँच ऐन, २०५५ अन्तर्गतको मुद्दा ।

(ट) बिद्युत चोरी नियन्त्रण ऐन, २०५८ अन्तर्गतको मुद्दा ।

(ठ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ९५ मा उल्लेखित कसूर सम्वन्धी मुद्दा ।

(ड) आयकर ऐन, २०५८ को परिच्छेद २३ अन्तर्गतको मुद्दा ।

(ढ) आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ अन्तर्गतको मुद्दा (यो ऐन मिति २०५८।१२।२८) मा प्रारम्भ भई दुई वर्षसम्म बहाल रहेको) ।

(ण) प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २७ र २८ अन्तर्गतको मुद्दा ।

---

♠ बैदेशिक रोजगार (दोश्रो संशोधन) ऐन, २०५४ द्वारा खारेज ।

❖ केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा थप ।

(३६) यो ऐन बमोजिम नेपाल सरकार बादी हुने भनी नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अरु कुनै फौज्दारी अपराध सम्वन्धी मुद्दा ।

✷सवारी साधनबाट कुनै मानिसको अंगभंग भएको तथा कुनै मानिस घाइते भएको मुद्दा ।

▲आवश्यक वस्तु संरक्षण ऐन, २०१२ अन्तर्गत सजाय हुने मुद्दा ।

✝मुद्दाहरु समावेश गरेको :

(क) विस्फोटक पदार्थ ऐन, २०१८ अन्तर्गतको मुद्दा ।

(ख) गैर सैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०५१ को दफा ९ क अन्तर्गतको मुद्दा

(ग) चन्दा ऐन, २०३० अन्तर्गतको मुद्दा ।

(घ) मुलुकी ऐन, कुटपीटको महल अन्तर्गतको अंगभंग सम्वन्धी मुद्दा ।

✣चिट्ठा ऐन, २०२५ अन्तर्गतको मुद्दा यस ऐन अन्तर्गत नेपाल सरकार वादी हुने भनी तोकिएको ।

●छापाखाना र प्रकाश सम्वन्धी ऐन, २०४८ को दफा ७ बमोजिम प्रमाणपत्र नलिई प्रकाशन गरेको कसूर तथा दफा १४ र १५ को कसूर सम्वन्धी मुद्दा ।

≈मुलुकी ऐन अदलको महलको १० क. नं. अन्तर्गत सजाय हुने मुद्दा ।

---

✷ मिति २०५०।४।३२ को सूचनाद्वारा समावेश गरिएको । (ने.रा.प. २०५०।४।३२)

▲ मिति २०५०।१०।११ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा समावेश गरिएको ।

✝ मिति २०५५।३।२९ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा समावेश गरिएको ।

✣ मिति २०५६।४।२५ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा समावेश गरिएको ।

● मिति २०५७।१।१२ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा समावेश गरिएको ।

≈ मिति २०६०।४।१२ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा समावेश गरिएको ।